# प्रेस विज्ञप्ति

## बागमती प्रदेश समन्वय परिषदको बैठकको सन्दर्भमा

मिति २०८१ माघ ३ र ४ मा आयोजित बागमती प्रदेश समन्वय परिषद्को पाँचौं बैठक माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा सम्पन्न भयो। बैठकमा परिषद् सदस्य लगायत बागमती प्रदेशका मन्त्रीहरु, सचिवहरु तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थितिमा प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई थप मजबुत बनाउनका लागि छलफल भई प्रदेश सरकार र स्थानीय तहहरूले कार्यान्वयन गर्नु पर्ने विषयहरु र राष्ट्रिय समन्वय परिषदमा सिफारिस गरिने विषयहरू निर्क्योल गरी निर्णयहरू गरियो।

बैठकमा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको वैयक्तिक विवरण व्यवस्थापनका लागि प्रणाली, निवृत्तिभरण कोष सञ्चालन तथा व्यवस्थापनका लागि संघीय सरकारसँग समन्वय एवं सोको कानूनी व्यवस्था तथा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सरुवा तथा काज प्रक्रियालाई अनुमानयोग्य बनाउन चाहिने मापदण्ड, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐनको सफल कार्यान्वयनका लागि नियमावली साथै जिल्ला समन्वय समितिको सूचना अभिलेख केन्द्र व्यवस्थापनको लागि सूचना प्रविधि विज्ञ राखि अभिलेख केन्द्रलाई व्यवस्थापन गर्ने निर्णयहरु गरिएको छ।
यसै गरी प्रदेशभर सुचना प्रविधि विभागबाट निःशुल्क उपलब्ध हुने एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र एकीकृत सरकारी वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) लागू गर्ने तथा जोखिममा रहेका बस्तीहरूको व्यवस्थापन एवं स्थानान्तरण गर्न प्रारम्भिक अध्ययन गर्ने र विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन संघीय कार्यविधिसँग सामञ्जस्यता हुने गरी विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधिलाई संशोधन गर्ने निर्णय भएको छ।

पर्यटन प्रवर्द्धनका लागि पर्यटक तथ्यांक व्यवस्थापन, पर्यटन पूर्वाधार संरक्षण, उद्योग, व्यापार तथा साझेदारी फर्महरूको दर्ता प्रक्रिया सहज बनाउने, बजार अनुगमन प्रभावकारी बनाउने तथा कानूनतः राजस्व बाँडफाँड भए/नभएको नियमनको मोडालिटी तयार गर्ने विषयहरूको कार्यान्वयन योग्य निर्णय भएको छ। साथै प्रदेश नीति तथा योजना आयोग ऐन र तथ्याङ्क ऐन छिटो कार्यान्वयन गर्ने र प्रदेश तथा स्थानीय तहका लागि आयोजना बैंक सञ्चालनमा ल्याइने निर्णय पनि गरिएको छ।

राष्ट्रिय समन्वय परिषदमा सिफारिस गरिने विषयहरूमध्ये, IEE, EIA पछि रुख कटानको अनुमति प्रक्रिया प्रदेशमै हस्तान्तरण गर्न, संघीय विद्युत् विधेयक छिटो पारित गर्न, प्राकृतिक विपद् पछिको पुनःनिर्माणका लागि बजेट उपलब्ध गराउनुपर्ने माग सहित पुरातात्विक सम्पदाको पुनःनिर्माणका लागि विशेष कानूनी व्यवस्था गर्न र हेटौंडा काठमाण्डौं रज्जुमार्गको स्वामित्व, तीन तारे होटल रिसोर्टहरुको दर्ता, नवीकरण, अनुमति, नियमन तथा प्रदेश भित्रका ६००० मिटर देखि ७००० मिटर सम्मका हिमाल आरोहण अधिकार प्रदेशलाई प्रदान गर्न बैठकको निर्णय बमोजिम सिफारिस गरिने सहमति भएको छ।

बैठकले प्रदेश समन्वय परिषदका निष्कर्षहरू प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरू र स्थानीय तह र तिनका संयन्त्रहरूसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश
माघ ६, २०८१